वेदकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शिसैया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८२।०८३
च.नं.

मिति:२०८२।४।१४

**सूचना ! सूचना !! सूचना !!!**

**बिषय: भवन नियमित तथा अभिलेखिकरण सम्वन्धि सार्वजनिक सूचना।**

प्रस्तुत बिषयमा यस वेदकोट नगरपालिकाको १७ औ नगर सभा बाट वेदकोट नगरपालिकाको भवन नियमित तथा अभिलेखिकरण सम्बन्धी कार्यबिधी २०७९ (संशोधन समेत) बमोजिम यस नगरपालिका क्षेत्रभित्र मिति २०८१ आषाढ मसान्त सम्म नक्सा पास नगरी तथा स्वीकृत नक्सामा हेरफेर गरि निर्माण भएका भवन संरचनाहरुको नियमित तथा अभिलेखिकरण गर्ने प्रयोजनको लागि निवेदन संकलन गर्ने निर्णय भएकाले यस नगरपालिका क्षेत्रभित्र नक्सा पास नगरी निर्माण भएका वा स्वीकृत नक्सामा हेरफेर गरि निर्माण भएको कारणले निर्माण सम्पन्न प्राप्त गर्न नसकेका निजि, सार्बजनिक, सरकारी लगायत सम्पूर्ण पक्की भवन संरचनाहरुको अभिलेखिकरणका लागी भवन नियमित तथा अभिलेखिकरण कार्यबिधी-२०७९(संशोधन समेत) मा तोकिएको प्रक्रिया अनुसार सुचना प्रकाशन भएको मितिले ३५ दिन सम्म यस कार्यालयमा निबेदन पेश गर्न हुन र २०८२ फाल्गुन मसान्त भित्र आवश्यक कागजात सहित घरको नक्शा यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ। साथै नक्सा पास एवम् अभिलेखिकरण नभएको भवन संरचना अबैध मानिने हुँदा नक्सा पास नभएको भवन संरचना अनिवार्य रुपमा अभिलेखिकरण गराउन हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**<u>संलग्न राख्नुपर्ने कागजातहरु:</u>**

१. तोकिएको ढाँचामा निबेदन *(यस कार्यालय वा कार्यालयको वेबसाइट बाट प्राप्त गर्न सकिने)*

२. घर निर्माण भएको जग्गाको जग्गाधनी पुर्जाको प्रतिलिपी — १ थान

३. घरधनीको नेपाली नागरिकताको प्रतिलिपी — १ थान

४. मालपोत तिरेको रसिदको प्रतिलिपी — १ थान

५. जग्गाको ट्रेस नक्सा (सक्कल) / चार किल्ला प्रमाणित — १/१ थान

६. घर निर्माण भएको साल खुल्ने वडा कार्यालयको सिफारिस

प्रमुख प्रशासकीय अधिकृत